**मितिः२०७६/०३/१०**

## *कमलबजार नगरपालिकाको आ.व.२०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट*

नगर सभाका अध्यक्ष महोदय
नगर सभाका सदस्य ज्यूहरु
प्रमुख अतिथी ................ ज्यू
अतिथी गण ।

कमलबजार नगरपालिकाको उपप्रमुख तथा बजेट तथा कार्यक्रम तर्जुमा समितीको संयोजकको हैसियतले यस सम्मानित नगर सभा समक्ष आगामी आर्थिक बर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्तित भएको छु । यस अवसरमा संघीय, लोकतान्त्रिक, गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।साथै नेपालको सम्रग राजनैतिक परिर्वतनका क्रममा घाईते र बेपता भएका भएका बिर सपुत हरुको प्रति सम्मान प्रकट गर्दै युगान्तकारी प्रक्रियामा नेतुत्वदायी भुमिका निर्वाह गर्ने सबै राजनैतिक ब्यक्तिहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीयलोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिव ३ बर्ष पूरा भएको छ ।संघ, प्रदेश र स्थानीय तह नेपालको मुल राज्यसंरचना हो ।यी तीनवटै तहले नेपालको राज्य शक्तीको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने संवैधानिक व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो बजेट प्रत्येक वर्षको असार १० गते सम्म गाउँ वा नगर सभा सक्षम पेश गर्नुपर्ने कानूनी प्रावधान रहेको छ ।
मुलुकमा भएको आमुल राजनैतिक परिर्वतन,लोकतान्त्रिक राज्य प्रणाली तथा संस्थाहरुको सुदढीकरण नागरिक प्रतिको उत्तरदायित्वमा गुणात्मक अभिबुद्धि ,अधिकार र कर्तव्यप्रति नागरिक चेतनाको बिस्तार सामाजिक न्याय सहितको तिब्र आर्थिक बिकास र समृद्धिको लागी हामी सबै नगरबासी मन,बचन,र कर्मले प्रतिबद्ध भई क्रियाशील हनुपर्ने आजको टडकारो आवश्यकता रहेको छ ।
संबिधानले परिकल्पना गरेको दिगो बिकास, समृद्धि र सुशासन प्राप्तीका लागी चालु आर्थिक बर्षमा बुहतर आधारशिला निमार्ण भएको छ ।नगरबासी चाहना अनुरुप बिकास गर्न नगर सरकार संकलपित रहेको छ ।
राज्यको पुर्नसंरचना संगै नेपालमा स्थापित ७५३ वटा स्थानीय तह मध्ये अछाम जिल्लामा अवस्थित कमलबजार नगरपालिका एउटा स्थानीय तह हो । प्राकृतिक स्रोत, धार्मिक, पर्यटन र कृषीको पर्याप्त सम्भावना बोकेको स्थान हो । अछाम जिल्लाको क्षेत्रीय सदरमुकामको नगरपालिका भएकोले विकासको केन्द्र विन्दु समेत रहि आएको छ । यस नगरपालिकाले विगत १ वर्ष देखी संविधान तथा कानून वमोजिम स्थानीय शासनको अभ्यास गर्दै आएको छ ।

**कमलबजार नगरपालिकामा चालु आ.व. ०७४/७५ मा सम्पन्न भएका क्रियाकलापहरुको समिक्षा**

**१. कृषि विकासः**

- एक घर एक करेसाबारी अभियान अन्तर्गत ६३०० वटा घरपरिवारमा तरकारीका उन्नत बीउविजन कीट वितरण
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस नगरपालिका वडा नं. ६ बीरपथमा आलु पकेट कार्यक्रम संचालन ।
- व्यवसायिक च्याउखेती गर्न इच्छुक कृषकहरुका लागि नगरस्तरीय तथा ५ वडाका ६० जनालाई तालिम संचालन तथा च्याउखेतीका लागि आवश्यक बीउ र सामग्री वितरण
- नगरस्तरमा १० हेक्टर जमिनमा फलफूल खेती विस्तारका लागि बर्षे फलफूल ६७०० बिरुवा वितरण
- बेमौसमी तरकारी खेती प्रबर्द्धनका लागि विभिन्न वडाका कृषकहरुलाई ६१ वटा प्लाष्टिक घर निर्माण, तरकारी खेतीमा सहयोग, सिंचाइ कुलो र पोखरी निर्माण
- बाखापालनमा संलग्न कृषकहरुलाई खोर निर्माण र बाखापालनका लागि सहयोग भएको ।

**२. पशु सेवाः**

- पशुमा लाग्ने महामारी रोग नियन्त्रणको लागि खोप भण्डारण तथा औषधीको व्यवस्था गरिएको छ ।
- यस नगरपालिका मा पशु स्वास्थ्य शिविर संचालन भई ५०० घरधुरीका २५००। पशुपंछीको उपचार गरिएको छ ।
- सहकार्यमा खोर सुधार कार्यक्रम अन्तरगत ५ वटा ब्यबसायिक बाख्रा फर्मको खोर सुधार कार्यक्रम सञ्चालनमा रहेकोछ ।
- नगरपालिकाको १० वटा वडामा १० वटा उन्नत बोयर जातको बोका वितरण गरिएको छ ।
- बहु क्षेत्रिय पोषण योजना अन्तरगत सुनौलो १००० दिनका ५०० आमालाई २००० वटा ८ हप्ते कुखुराका चल्ला वितरण गरिएको

- **३. सूचना तथा प्रविधिः**
- सुशासन र पारदर्शिताका लागी सबै वडामा सावजनिक सुनवाई तथा २५ वटा कानुन पारित ।
- नगरको वेबसाइट (www.kamalbazarmun.gov.np) नियमित अपडेट भइरहेको
- कामलाई सहज र प्रभावकारी बनाउन नगरभित्र ३० वटा biometric- attendance जडान।
- नगर कार्यालयमा adio notic board राखियो।
- सबै वडामा नेटको पहुच।
- नगरको E-profile बनाउन पनि सुचना तथा प्रविधिको प्रयोग।
- नगर प्रोफाईल काम समापत । *

नगर बुतचित्र काम समापत ।

## ४. शिक्षाः

- शिक्षक सहयोग रु ७५ लाख अनुदान बितरण
- २ वटा विद्यालय मा प्रति विद्यालय रु. ६,५००००/- ICT अनुदान ।
- ३ वटा विद्यालय प्रति विद्यालय रु. ६,५००००/- पुस्तकालय व्यवस्थापन अनुदान
- २ कोठे ब्लक २ वटा भवन पशुपती मा.वि.,र शिशुबोधनी मा.वि. मुली निर्माणाधीन।
- २ वटा विद्यालय प्रति विद्यालय रु. ६,५००००/- बिज्ञान प्रयोगशाला अनुदान
- २ वटा विद्यालय शौचालय भवन छात्रछात्रा शौचालय निर्माण।
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रम लागू भएका ४ वटा वडामा ४ वटा विद्यालयमा गठित बाल क्लब लाई पोषण शिक्षा अभिमुखीकरण कार्यक्रम र सोही वडाका ४० जना महिला शिक्षकहरुलाई स्यानेटरी प्याड निर्माण कार्यशाला ।
- जा.दे. उ. मा.वि. प्राविधिक शिक्षालय भवन पिलरहरु निर्माण
- कमलबजार बहुमुखी क्याम्पसको ४ कोठे भवन निर्माण
- बडाका बिधयालय भवन निर्माण तथा घेरा पर्खाल निर्माण भएको

## ५. स्वास्थ्यः

- **प्राथमिक स्वास्थ्य केन्द्र कमलबजार लाई** अस्पतालमा स्तरउन्न्ती
- **एम्बुलेन्स** सञ्चालन
- यस नगरपालिका वडा नं. ३ बयाला र वडा नं. १ मुलीमा स्वास्थ्य चौकीमा बथिङ्_संचालन लयाईएको ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य चौकीमा ३ वटा खोप क्लिनिक भवन निर्माण गरिएको ।
- १००० दिनका आमाहरुलाई लक्षित हुने गरी २ वडा लाई पूर्ण पोषण सुनिश्चतता वडा घोषणा उन्मुख रहेको ।
- स्वास्थ्य सेवासम्वन्धी अभिलेख तथा प्रतिवेदन मोबाईल मांसिक बैठक सवै स्वास्थ्य संस्थामा सम्पन्न गरिएको ।
- स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन कार्यलाई चुस्त दुरुस्त राख्न एफ्.सी.एच. भी. अर्धवार्षिक गोष्ठी तगा नगर स्तरीय अर्धवार्षिक प्रगति समिक्षा गोष्ठी गरिएको ।
- भ्यासेक्टोमी क्याम्प तथा महिला स्वास्थ्य शिबिर सञ्चालन

## ४ सीप विकास तालिमः

- च्याउखेती तालिम
- स्यानेटरी प्याड निर्माण तालिम
- महिला लक्षित सिलाई कटाई तालिम सञ्चालन ।
- मेटल चुरामा स्टोन भर्ने तालिम
- हाउस बांयरिङ्ग तालिम
- होटल ब्यवस्थापन तालिम
- चुडीं बनाउने तालिम

- **पर्यटन सम्बन्धी**
- कमलपोखरी पर्यटकिय क्षेत्र को स्थापना
- पाचली जाने छोटो बाटो जाने बाटो निर्माण,
- ऐतिहासिक मन्दिर तथा  पुरातत्व भवन निर्माण जस्ता निर्माण कार्यको शुभारम्भ ।
- पर्यटकिय क्षेत्र प्रचार प्रसारका लागी नगर भिडियो बृतत्रित्र निर्माण भएको

**नगर स्तरमा गठित विभिन्न  सञ्जालहरु मार्फत सम्पन्न कार्यक्रमहरुः**

- नगर युवा संजाल निमाण तथा कार्यक्रममा सक्रिय सहभागिता रहेको
- नगर बाल संजाल निमाण ।
- नगर स्तरीय दलित सञ्जाल  निमाण
- दलित एकल महिला लाई लक्षित गरी मेटल चुरामा स्टोन भर्ने तालिम
- नगर अपांग सञ्जालको कार्यालय स्थापना सँगै नगरमा रहेका अपांगहरुको तथ्यांक संकलन कार्य अन्तिम चरणमा

## पोषण शाखा

- पोषणको महत्व एवं कुपोषणको प्रभाव र असरहरुको बारेमा सञ्चार माध्यमबाट सुचना प्रसारण तथा होडिंग बोर्ड निर्माण गरिएको
- नगर तथा वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा नियमित बैठक सञ्चालन
- मुलि चाल्सा,बिरपथ र मष्टाबण्डालिमा पोषण युक्त गाउ,वार्ड घोषणा अभियान सन्चालन को लागि वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र सरोकारवालालाई पोषण युक्त गाउ, वार्ड घोषणा अभियान सम्बन्धी बृहत २ दिने अभिमुखिकरण गरि आगामी कार्ययोजना निर्माण गरिएको छ
- पोषण सुधारको लागि कृषकहरुलाई च्याउ खेति निर्माण सम्बन्धी ५ वटा वडाका ६० जना कृषकहरुलाई २ दिने तालिम सञ्चालन गरिएको ।
- मुलि र विरपथमा सुनौला हजार घर परिवारका सदस्यहरुलाई १ दिने कुखुरा पालन सम्बन्धी स्थलगत अधिमूखिकरण तालिम सम्पन्न गरिएको ।
- पोषण युक्त गाउ अभियान सन्चालन गरिने वार्डका अति बिपन्न गर्भबति सुत्केरी महिला भएका परिवारलाई पानी सुद्धीकरण बिधिको बारेमा अभिमुखिकरण र सिएक  ६० वटा फिल्टर सहयोग ।
- नगरतहमा ४० प्र.अ.हरुलाईजना बहुक्षेत्रीय पोषण ।सम्बन्धी  १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।
- नगरतहमा बहुक्षेत्रीय पोषण सम्बन्धमा प्रारम्भिक बाल विकास शिक्षकहरुलाई १ दिने अभिमुखीकरण कार्यक्रम  संचालन ।
- कमलबजार नगरपालिकामा १ दिने २४ वटा बाल विकास केन्द्रमा अध्ययनरत १५० जना बालबालिकाका आमाहरुलाइ पोषणको महत्व तथा अभिभावकको जिम्मेवारी सम्बन्धी जानकारी निर्माण गरि कार्ययोजना निर्माण गरिएको ।

## **७. महिला तथा बालबालिका**

- १० सै वडामा एकल तथा असहाय महिलाहरु लाई न्यानो लुगा बितरण
- महिला रोग लक्षित स्वास्थ्य शिबिर सञ्चालन
- महिला समिती ,संस्थाका पदाधिकारीहरुलाई ३ दिने लेखा ब्यवस्थापन तालिम
- बिद्ययालय बिमुख किशौरकिशोरी हरुलाई सिपमुलक चुरा बनाई तालिम
- बिद्ययालय बिमुख किशौरकिशोरी हरुलाई जिवनउपयोगी सिप सम्बन्धि तालिम
- बाल कलब ,न्यायिक समिती महिला समुह, संस्थाका पदाधिकारी हरु लाई क्षमता अभिबृद्धि तालिम ।
- जेष्ट नागरिक सम्मान तथा अर्न्तक्रिया कार्यक्रम
- बुहारीमाझ खाना र खानाको विभेद, लैगिक हिंसा र पोषण सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम (बहुक्षेत्रिय पोषण योजना अन्तर्गतको)१० सै वटा वडामा मा संचालन भएको ।

**८.सडक** तथा पुर्वाधार

- **कमलबजार क्षेत्र भित्रि आरसिसि सडक निमार्ण सम्पन**
- **गैरिटाड कमलबजार सडक स्तरउन्नती तथा कालोपत्रे पहल**
- **गैरिटाड कमलबजार मुली बयाला बेलखेत गैरिटाड रिङ्ग रोड कालोपत्रे पहल**
- **कमलबजार बलाना लोडेधाट सडक निर्माण**
- **कमलबजार घौडासैन सडक निर्माण**
- **कमलबजार पुनेपाटा सडक निर्माण**
- **प्रत्येक वडा कार्यालय सम्म सडक बिस्तार आगामी बर्षमा बर्ष भरि यातायात सञ्चालन हुने गरि ग्राबेल तथा स्तरउन्नती**
- **कमलबजार नगरपालिकाको भवन को थालनी**
- **चोकेगडा रंगशाला तथा कर्बड हल निमार्ण थालनी**

- आर्थिक बर्ष ०७५/७६ मा नगर र वडाबाट माथि समावेश भएका बाहेक विभिन्न विषयहरुमा जनतालाई प्रत्यक्ष फाईदा पुग्ने धैरै आयोजनाहरु सम्पन्न भएका छन् र कतिपय आयोजनाहरु सम्पन्न हुने अवस्थामा रहेका छन्।

**अनुगमन तथा सुपरिवेक्षण समितिद्धारा सम्पन्न क्रियाकलापः**

- आ.व.०७५/७६ मा सञ्चालित आयोजना तथा कार्यक्रमको सूक्ष्म अनुगमन भएको । योजनाको अनुगमन गरिएका योजनाहरु प्राविधिक लागत ईष्टिमेट बमोजिम समपन्न भएका योजनाहरुको निकासा र योजना लगत ईष्टिमेट अनुसार नभएकालाई लगत ईष्टिमेट अनुसार हुनेगरी सम्पन्न गर्न निर्देशन दिईएको

विकासमा जनसहभागिताको परिचालन र गाउँघरका समस्याहरुको समाधान हुदै गरेकोले स्थानीय सरकारप्रति जनताको विश्वास र भरोसा वृदी भएको छ । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान नगर सरकारलाइ विकास र समृदीको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

तथापि स्थानीय सरकारको **दोश्रो** बर्ष भएकाले हामी जनप्रतिनिधीहरुको अनुभवमा कमी, दरबन्दी अनुसार कर्मचारीहरुको परिपुर्ति नहुनु, समायोजन तथा स्रोत परिचालनको न्युन अबस्था, संस्थागत विकासमा कमी, नयाँ कानून तथा कार्यविधीहरु बनाउँदै काम गर्नुपर्ने स्थिती, लागत सहभागिताको कमी, सबै कुरामा नगरपालिकाको मुख ताक्ने प्रवृति आदी समस्याहरुले ठोस उपलब्धीहरु हाँसिल हुन कठिनाइ भएको हो । यस पक्षलाई आगामी  वर्षमा सुधार गर्दै जानु पर्ने आवश्यकता छ ।

**<u>आगामी आ.व. २०७६|०७७ को नीति बजेट तथा कार्यक्रम</u>**

**सोच, लक्ष्य, उदेश्य**

यस नगरपालिकाको दिर्घकालिन सोच **कमलबजार नगरपालिकाको समृद्धीको आधार शिक्षा , स्वास्थ्य ,पर्यटन र ब्यापार सहितको पुर्वाधार** रहेको छ । आर्थिक तथा सामाजिक विकास द्वारा मानव विकास सूचांकमा सुधार र पूर्वाधार विकास सहितको सुविधा सम्पन्न नगरका रुपमा विकसित गरी **समृद्ध नगर, सुखी नगरवासी** बनाउन यस नीति, बजेट तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

**आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेटको उदेश्यहरु निम्न अनुसार रहेका छन् ।**

१. नगरको लागि आधारभुत पूर्वाधारहरुको विकास गर्नु ।
२. शिक्षा,स्वास्थ्य, पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार गर्नु ।
३. कृषी तथा पशु विकासको माध्यम बाट उत्पादन वृदी गरी आय बढाउनु ।
४. लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्नु ।
५. जनता लाई सेवा प्रवाह र सुशासनको प्रत्याभूति गर्नु ।

**बजेटको उदेश्यहरु परिपूर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ ।**

१। नगरको पूर्वाधार विकासमा सहयोग पुग्ने ।
२। आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
३। उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
४। महिला, वालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
५। लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धी हुने ।
६। दिगो विकास, वातावरणिय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने
७। शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धी हुने ।
८। सुशासन र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता हुने ।

**बार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु -**

आ.व. ०७६/०७७ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाइ आधार लिईएको छ ।

१। नेपालको संविधान ।
२। स्थानीय सरकार संचालन ऐन, २०७४ ।
३। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ।
४। अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ।
५। नेपाल सरकारको आवधिक विकास योजना ।
६। उपलब्ध स्रोत साधन ।

७। विकासका अन्तरसम्बन्धित विषयहरु ।

८। नगरको विकासको विधमान अवस्था र मानव विकासको सूचांक ।

९। स्थानीय जनताका आकांक्षा र आवश्यकता ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन वमोजिम संघ र प्रदेश सरकारबाट वजेट सिमा प्राप्त, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण, बस्ती तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, वजेट तथा कार्यक्रम तर्जुमा, नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृत गरी कानूनले तोकेको समय असार १० गते भित्र यस नगर सभामा प्रस्तुत गरिएको छ ।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका समष्टिगत नीतिहरु अबलम्वन गरिएको छ**

१। स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सघाउ पुर्याउने ।

२। साविकमा नेपाल सरकार बाट संचालन हुँदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाइ निरन्तरता दिने ।

३। शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कार्यक्रमहरुलाइ नगरपालिकाले अपनत्व हुने गरी प्रभावकारी रुपमा संचालन गरिने ।

४। साधन स्रोतको वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत, समुदायगत र वातावरणीय सन्तुलन कायम गरिने ।

५। विकास योजनालाई उपलब्धीमुलक बनाउन आयोजना संख्या सिमित गरी ठुला तथा नगर गौरबका योजनाहरु संचालन गर्ने । वडालाइ वडाको जनसंख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गराइनेछ ।

६। आन्तरिक आय सरहको राजश्व बाँडफाँड र आन्तरिक आय बाट मात्र चालु खर्च ब्यबस्थापन गर्ने ।

७। स्थानीय तहले बहन गर्नु पर्ने अनिबार्य दायित्वका विषयहरुको व्यबस्थापन गर्ने ।

८। लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाइ विकास योजनाका सबै चरणमा सहभागिता गराउने ।

९। नगरको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजि क्षेत्रको लगानीलाइ प्रोत्साहन गरिने ।

१०। विकास निर्माण कार्यमा जनताको सहभागिता र अपनत्वको सुनिश्चितता गरिनेछ ।

**क्षेत्रगत नीतिहरु -**

**१। आर्थिक विकास क्षेत्र**

- एक वडा एक फलफुल तथा तरकारी पकेट क्षेत्र निमार्ण गरिने छ।
- अनार ,ओखर,सुन्तला, कागती तथा बैमोसमी तरकारी पकेट क्षेत्र निमार्ण गरिने छ
- कृषी प्रसार कार्यक्रम मार्फत किसानहरुलाइ सर्बसुलभ तरिकाले रसायनिक मल उपलब्ध गराईनेछ ।

- वालि बिकास, आलु तथा तरकारी बिकासमा जोड दिदै साविकको प्रधानमन्त्री कृषी आधुनिकिरण कार्यक्रमको पकेट कार्यक्रम तथा ब्लक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालीनाली उत्पादन तथा जैबिक विविधता संरक्षणमा सहयोग पुर्याउने माहुरीपालनलाइ पर्बदन गरिनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृदी गरिनेछ ।
- पशु स्वास्थ्य सेवा विस्तार गरि पशुजन्य धनको संरक्षण गरिनेछ ।
- पशुपन्छी बजार पर्वद्धन गरि उपभोक्ताहरुलाइ स्वस्थ र गुणस्तरीय पशुजन्य पदार्थ आपुर्ति गरिनेछ ।
- नगर क्षेत्रमा क्रियाशिल सहकारी संस्थाहरुको प्रर्वधन गरिनुका साथै कृषी सहकारी मार्फत किसानहरुलाइ सेवा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।
- धार्मिक तथा पर्यटन विकासका लागि प्रचार -प्रसार गरिनेछ ।
- स्थानीय प्रशासन समेतको सहभागितामा नगरपालिका बाट बजार अनुगमन कार्यको थालनी गरिनेछ ।

**२। समाजिक विकास क्षेत्र**

- एक वडा एक नमुना सामुदायिक बिद्यालय को अवधारण क्रमश लागु गरिने छ ।
- एक वडा एक प्राबिधिक बिद्यालय को पहल गरिने छ ।मेयर छात्रबृति कार्यक्रम अर्न्तगत उच्च शिक्षा तथा प्राबिधिक शिक्षा अध्ययनरत बिध्यार्थीलाई कार्यबिधी बनाई छात्रबृति प्रदान गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र कमलबजारमा एकसरे तथा भिडियो एक्स्रे सेवा प्रभावकारी बनाउन नयाँ भिडियो एक्सरे तथा जेनेटर तथा रेडियो ग्राफर को व्यवस्था गरिने छ।
- बंथिङ्ग सेन्टर नभएका वडामा बंथिङ्ग सेन्टर स्थापना गरिने छ साथै २४ सै घण्टा गुणस्तरिय सेवा प्रदान गर्नका लागी सेवाप्रदायक लाई थप प्रोत्साहन प्रदान गरिने छ ।
- "कमलबजार छोरी प्यारी छोरी "कार्यक्रम अन्तर्गत आगामी साउन १ पछि जन्मिने छोरी लाई बार्षिक १ हजारका दरले २० बर्ष सम्म नगरपालिकाले छुटै खाता खोली रकम जम्मा गरिदिने छ ।
- विद्यार्थी भर्ना अभियान लाइ प्रभावकारी बनाई सबै वालवालिकालाइ विद्यालय शिक्षाको दायरामा ल्याइनेछ ।
- निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृतीको ब्यबस्था गरी शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर बिद्यार्थी मुल्यांङ्कन, शैक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाइ पूर्नताजगी तालिम उपलब्ध गराइनेछ ।
- प्रत्येक वडालाइ साक्षर वडा घोषणा गर्दै लगि साक्षर नगरपालिका घोषणा गरिनेछ
- शसर्त स्वास्थ्य कार्यक्रम बाट औषधी खरिदमा विनियोजित बजेट कमी भएको हुँदा नगरपालिका बाट थप औषधी खरिद गरि निशुल्क उपलब्ध गराइनेछ ।

- स्वास्थ्य शिक्षा, सुचना तथा संचार, पोषण, खोप, भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने निवारणात्मक(**Preventive**) उपाय अबलम्वन गराइनेछ
- सबै वडाहरु वर्थिङ सेन्टर पहुच पुरयाइने छ तथा वर्थिङ सेन्टरहरुमा २४ सै घण्टा प्रसुती सेवा संचालन गर्ने ब्यबस्था गरिनेछ । साथै सुरक्षित मातृत्वका लागि आवश्यक सेवा तथा उपकरण उपलब्ध गराइनेछ ।
- हामी दुई हाम्रा दुइ सन्तानको अबधारणालाइ अंगिकार गर्दै प्रजनन उमेरका दम्पतीहरुलाइ प्रजनन नियन्त्रणका साधनहरु निशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- प्राचिन उपचार पद्धति आर्युवेदिक सेवालाइ निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।
- ऐतिहाँसिक तथा धार्मिक स्थल, स्थानिय भाषा,धर्म, संस्कृतीको संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- महिला, वालवालिका, जेष्ठ नागरिक ,अपांग, दलित, आदिवासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइनेछ ।
- युवाहरुका लागि खेलकुद, सीप तथा उद्मशिलता विकास, युवा क्लव र युवासंसद स्थापना र संचालन गरी युवालाइक्रियाशिल र सृजनशिल बनाइनेछ ।
- महिलाहरुलाइ सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास गर्न उपयुक्त तालिम प्रदान गरिनेछ ।
- महिला, किशोरी र वालवालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाइ उच्च प्राथमिकमा राखिनेछ ।
- महिला को समग्र बिकासका लागी महिला सँग उपमेयर कार्यक्रम सञ्चालन गरिने छ।
- नगरपालिकाको शैक्षिक स्तर वृद्धि गर्न नगरपालिका भित्र रहेका शैक्षिक संस्थाको भौतिक पुर्वाधार निर्माणमा जोड दिईनेछ।
- लक्षित समुहका बालबालिकाहरुको पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ।
- छाउपडी प्रथा उन्मुलन गर्नको लागि विद्यालयहरुमा अतिरिक्त शिक्षा व्यवस्था मिलाउन जोड दिईनेछ
- नगरस्तरीय महिला हिंसा न्यूनीकरणका लागि विशेष पहल थालिने छ।
- एच.आई.भी. एड्स, असाहय, टुहुरा, अशक्त, अनाथ बालबालिकालाई छात्रवृत्ति सहयोग गर्ने निति अवलम्बन गरिने छ।
- एच.आई.भि.एड्स नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ।

### 3 पूर्वाधार विकास क्षेत्र

- नगर क्षेत्रको समग्र आवधिक विकास योजना निमार्ण यसै आ.ब.मा बनाई सो अनुसार विकास कार्य अगाडी बढाईने छ।

- नगर क्षेत्रमा सडक गुरुयोजना तयार गरि एक वडा एक गौरवको सडक योजना अर्न्तगत सडक वडा कार्यालय सम्म ग्रबेल र क्रमश कालोपत्रे गरिने छ
- नगरपालिकाको भवन निर्माणको काम यस आ.ब मा सम्पन गरिने छ ।
- नगर क्षेत्रमा राष्ट्रिय बिद्युत प्रशारण लाईन बिस्तार गरि बजार क्षेत्रमा यसै बर्ष विद्युत सेवा बिस्तार गरिने छ साथै २ वर्ष भित्र सवै वडाहरुमा विद्युत सेवा उपलब्ध गराईनेछ
- पाचुली भ्यु टावर तथा कमलपोखरी पर्यटकिय क्षेत्र निमार्ण जोड दिईन छ ।
- कमलबजार नगरपालिका अन्तर्गत वडा नं ८ मा रहेको चौकेगडा मा राष्ट्रिय स्तरको खेलमैदान, कर्भडहल निर्माणका क्रमागत रुपमा निमार्ण गरिने छ ।
- नगरपालिकाको केन्द्र कमलबजारमा नेपाल टेलिकमसंग समन्वय गरी (ल्याण्ड लाईन) टेलिफोन ल्याउन पहल गरिने छ ।
- नगरस्तरीय खानेपानी गुरुयोजना तयार गरी खानेपानी आपूर्तीको सहज व्यवस्था गरिनेछ साथै डिप बोरिङ्गको पानी ब्यवर्सथित गरि कमलबजारको खानेपानी समस्या समाधान गरिने छ ।
- नगरक्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ्ग साइड निर्माण प्रक्रिया शुरुवात गरी उक्त डम्पिङ्ग साइड व्यवस्थापन गर्न डम्पिङ्ग साइड उ.स.लाई शसक्त गर्ने निति अबलम्बन गरिनेछ ।
- नगरस्तरीय, वडास्तरीय सरसफाई कार्यलाई प्राथमिकता दिईनेछ ।
- वैकल्पिक वायु उर्जा लाई व्यवस्थापन गर्दै सहज रुपमा विद्युत आपूर्तीमा जोड दिईनेछ ।
- बजार क्षेत्रमा सडक बत्तिको व्यवस्था गर्न आवश्यक कदम चालिने छ ।
- नगरपालिकाका १० वटै वडामा स्तरीय खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ
- नगर क्षेत्रका मुख्य सडक गैरिटाड कमलबजार कमलबजार बेलखेत सडक कालौपत्रै गरि रिङ्ग रोडको रुपमा बिकास गरिने छ ।
- वडा भित्रका सहायक सडकहरुलाई मुख्य नगर सडक संजालसंग जाड्ने कार्यलाई प्राथमिकता दिईने साथै स्तरउन्नती का लागी पहल गरिने छ ।
- नगरपालिकाको शैक्षिक स्तर वृद्धि गर्न नगरपालिका भित्र रहेका शैक्षिक संस्थाको भौतिक पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- नक्सा पासको कार्यविधि बनाई भवन निर्माण मापदण्ड र भवन आचार संहिता अनुसार भुकम्प प्रतिरोधात्मक भवन निर्माण निति अबलम्बन गरिनेछ
- वडा तह तथा गाँउ ,टोल सम्म इन्टरनेट सेवाको पहुँच बृद्धि गराउने निती अबलम्बन गरिनेछ
- नगरपालिकाको **(DATA PORTAL)** बनाई कार्यालयका बार्षिक तथा अर्ध बार्षिक कार्य प्रगति प्रतिवदेन तथा अन्य बिवरणहरु वेब साईड **(DATA PORTAL)** मा राख्ने कार्यको शुरुवात गरिनेछ ।

- कमलबजार नगरपालिकाको १० वटै वडामा संचारको पहुँच नभएको ठाउँमा टेलिफोन टावर स्थापना गरी सवै स्थानमा संचारको पहुँच पुर्‍याईनेछ ।
- बस पार्क, हाट बजार, पशु बद्यशाला, वृद्धाश्रम, शैक्षिक प्रतिस्ठानका क्षेत्रहरु, फोहर प्रसोधन केन्द्र आदि जस्ता क्षेत्रहरको पहिचान गरि प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।
- नगरको मुख्य बजार तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालयको प्राविधिक सहयोग लिई कार्यक्रम तर्जुमा गरिनेछ ।

**३. वन, वाताबरण तथा विपद् व्यबस्थापन क्षेत्र**

क. सार्वजनिक तथा प्रति जग्गा र भु-क्षय भएका स्थानहरुमा स्थानीय जनता तथा नेपाली सेना समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सो को संरक्षण गरिनेछ ।

ख. सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अबलम्बन गरी विकास र विपद् व्यबस्थापनलाइ एकिकृत ढंगले अगाडी बढाइनेछ ।

ग. वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी बातावण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृदी गरिनेछ ।पलाष्टिक रहित नगरको घोषणा अभियानलाइ अघि बढाइनेछ ।

घ. कमलबजारको फोहरमैला संकलन तथा ब्यबस्थापनमा स्थानीय जनताको सहभागिता गराउदै डम्पिङ साइटको स्थायी ब्यबस्थापन गरिनेछ ।

ङ. नगरपालिकाले तारजाली उपलब्ध गराइ जनसहभागितामा भू-क्षय तथा जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ ।

च. वारुण यन्त्रलाइ चुस्त दुरुस्त राखी आवश्यक परेको बेला तत्काल प्रयोगमा ल्याइनेछ ।

छ. विपद् ब्यबस्थापनका लागि स्थानीय प्रशासन संग समन्वय गरी उद्दार, खोजी, राहत जस्ता कार्यलाइ प्रभावकारी बनाइनेछ ।

ज. सामुदायिक वनमा उधम प्रर्वदन गरी आय आर्जन गर्ने नीति लिइनेछ ।

**५.शुसासन तथा संस्थागत विकास क्षेत्र ः-**

क. नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाइ अध्ययन, अवलोकन भ्रमण तथा तालिम उपलब्ध गराइ क्षमता विकास गरिनेछ ।

ख. सार्वजनिक सुनूवाइ, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी शुसासन प्रर्वदन गरिनेछ ।

ग. नागरिक वडापत्र,सोधपुछ कक्षको ब्यबस्था र सुचना प्रविधीको प्रयोग द्वारा सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइनेछ । सामाजिक सुरक्षा भत्ता समयमा वितरण गरिनेछ ।

घ. जनता संग मेयर कार्यक्रम मार्फत जनताको सुखःदुख बुझ्न घरदैलोमा पुगिनेछ ।

ङ. वित्तिय अनुसाशन कायम राख्न पेश्की दिने प्रावधानलाइ नियन्त्रण गरिनेछ साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्यसम्पन्न गरी भुक्तानी लिने परिपारटीको विकास गरिनेछ ।

च। योजना संचालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाइ अभिमुखीकरण गरि रु. ३ लाख भन्दा बढीका आयोजनामा आयोजना सुचना पाटी राख्ने र गुणस्तरीय काम गर्ने परिपाटीको विकास गरिनेछ ।

छ। नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिनेछ ।

ज। अन्तर निकाय समन्वय वैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।

झ। आगामी आ.व. देखी प्रगतिशिल करको दरमा सम्पतीकर लागु गर्ने र करको दायरामा विस्तार गरिनेछ ।

ञ। न्यायिक समितीलाइ क्रियाशिल बनाइ मेलमिलापको माध्यम बाट जनताहरुलाइ छिटो छरितो तथा सर्वसुलभरुपमा न्याय पाउने ब्यबस्था मिलाइनेछ ।

**स्रोतको ब्यबस्थाः-**

आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च वेहोर्न स्रोत मध्ये आन्तरिक आयबाट रु.२५ लाख , **केन्द्रिय** राजश्व वाँडफाँड बाट रु. ७ करोड ७९ लाख वित्तिय समामनिकरण बाट रु.९ करोड २६ लाख **प्रदेश** राजश्व वाँडफाँड बाट रु. २३ लाख ५८ हजार, वित्तिय समामनिकरण बाट रु.६८ लाख ७२ हजार, सशर्त अनुदान बाट रु. १८ करोड २३ बहुक्षेत्रिय पोषण बाट रु १४ लाख ५८ हजार खर्च बेहोरिने ब्यबस्था मिलाएको छु ।

**अन्त्यमा**

नगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने नगरबासीहरु, बुद्दीजिबी, संचारकर्मी ,करदाता, विकासका साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।